जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक राष्ट्रिय दैनिक

Samvahak National Daily

वर्ष : ३ | अंक : २४८ | २०८२ साल चैत्र २० गते, शुक्रबार | Friday, Arp.– 03 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

## मेयर यादवद्वारा पूर्वाधार योजनामा "छिटो र पारदर्शी कार्यान्वयन" कोलागि गराए सचेत








***संवाहक सम्वादाता**-१९चैत्र, कलैया*
महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र प्रसाद यादवले पूर्वाधार विकास कार्यालय बाराको भवन तथा आवाससम्बन्धी योजनामा ढिलासुस्ती र अपारदर्शिताबारे कार्यालय प्रमुख राजेन्द्र साहसँग विस्तृत छलफल गरेका छन्।

बिहीबार पुर्वाधर कार्यालयमै पुगेर मेयर यादवले विगतका योजना कार्यान्वयनमा देखा परेका कमजोरीहरू औँल्याए। विशेष गरी विपन्न, गरिब र असहाय परिवारका लागि वितरण हुने आवास योजना अपूर्ण रहेको, ठेक्का प्रक्रिया र निर्माण कार्य ढिलासुस्तीमा परेको, तथा केही योजनाहरू लुकाएर पछि दर्ता-चलानी गर्ने प्रवृत्ति देखिएकोमा ध्यानाकर्षण गराए।


उनले कार्यालय प्रमुखसँग ती योजना छिटो सम्पन्न गरिनुपर्ने र पारदर्शी रूपमा वितरण गरिनुपर्ने माग राखेका छन्।

सांसद प्रत्यासी भैयाराम यादवले पनि छलफलमा सहभागी भई कार्यालय प्रमुखलाई राजनीतिक दलप्रति झुकाव नराखी योजना कार्यान्वयनमा मापदण्ड र कार्यविधि पालना गर्न सचेत गराए। उनले भने, "हामी यहाँ चिट्ठी लिन आएका होइनौं, तर योजना अलमल पारेर बेथिति हुन नपाओस् भनेर खबरदारी गर्न आएका हौं।"

जवाफमा कार्यालय प्रमुख राजेन्द्र साहले विगतमा देखिएका त्रुटिहरू सच्याउँदै अधुरा निर्माण छिट्टै पूरा गर्ने र अबदेखि कुनै त्रुटि नहुने प्रतिबद्धता जनाए। उनले सबै योजनाहरू मापदण्डअनुसार र पारदर्शी तरिकाले सञ्चालन गरिने बताए।

मेयर यादव र सांसद प्रत्यासी यादवको सक्रिय निगरानी र सचेततापछि स्थानीयस्तरमा योजना कार्यान्वयनमा सुधार आउने अपेक्षा गरिएको छ। यसले भविष्यमा विपन्न तथा गरिब परिवारले समयमै सुविधा पाउने र निर्माण कार्य पूर्णरूपमा सम्पन्न हुने विश्वास बढाएको छ।

## बारामा आर्थिक गणना सचेतना गोष्ठी सम्पन्न, कार्यतालिका सार्वजनिक






***संवाहक सम्वादाता**-१९चैत्र, कलैया*
राष्ट्रिय आर्थिक गणना २०८२ अन्तर्गत बारा जिल्लामा सचेतना गोष्ठी सम्पन्न भएको छ। "अर्थतन्त्र मापनका लागि आर्थिक गणना" भन्ने नारासहित जिल्ला आर्थिक गणना कार्यालय बाराले कार्यक्रम आयोजना गरेको हो।

जिल्ला समन्वय समितिको सभाहलमा बिहीबार दिउँसो सम्पन्न गोष्ठीमा स्थानीय तहका जनप्रतिनिधि, सरकारी कार्यालयका प्रमुख, उद्योगी-व्यवसायी, सञ्चारकर्मी तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समितिका सभापति नरेन्द्र कुमार साहले आर्थिक गणना राष्ट्रको समग्र आर्थिक अवस्थाको आधार तयार गर्ने महत्वपूर्ण प्रक्रिया भएकाले यसको सफलताका लागि मिडिया, उद्योगी, पालिका प्रमुखसहित सबै सरोकारवालाले सक्रिय सहयोग गर्नुपर्ने बताए। उनले कार्यक्रमको प्रशंसा गर्दै सबैले आ-आफ्नो स्थानबाट जिम्मेवार भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए।

कार्यक्रम जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रको अध्यक्षतामा सम्पन्न भएको थियो। प्रजिअ मिश्र जिल्ला आर्थिक गणना समन्वय समितिका संयोजक समेत हुन्। उनले आर्थिक गणनामा सुरक्षा निकायको पूर्ण सहयोग रहने प्रतिबद्धता जनाउँदै गणकहरूलाई सुरक्षित वातावरणमा काम गर्न दिइने बताए। साथै, नागरिकलाई घरदैलोमा आउने गणकलाई आवश्यक तथ्यांक तथा सूचना निर्धक्क रूपमा उपलब्ध गराउन आग्रह गरे। यो राज्यद्वारा सञ्चालन गरिने विशुद्ध आर्थिक गणना भएकाले सबैले विश्वस्त भएर सहयोग गर्नुपर्ने उनले उल्लेख गरे।


कार्यक्रममा जिल्ला आर्थिक गणना कार्यालय बाराका प्रमुख राजेश दासले आर्थिक गणनाको उद्देश्य, प्रक्रिया र महत्वबारे सहजीकरण गरेका थिए। उनले विश्वसनीय तथ्यांक संकलनमार्फत नीति निर्माण, योजना तर्जुमा तथा आर्थिक विकासका आधार तयार हुने भएकाले यस अभियानलाई सफल बनाउन सबै सरोकारवालासँग सहयोगको आग्रह गरे। सहभागीहरूले पनि गणना सफल बनाउन स्थानीयदेखि केन्द्रीय तहसम्म समन्वय आवश्यक रहेकोमा जोड दिएका थिए।

यसैबीच, सार्वजनिक कार्यतालिका अनुसार आर्थिक गणना प्रक्रिया चरणबद्ध रूपमा सञ्चालन हुनेछ। केन्द्रीयस्तरमा अधिकारीहरूको

बाँकी तेस्रो पृष्ठमा

## ४० करोडका योजना रोकिँदा महागढीमाईमा विकास ठप्प, संघीय नीतिप्रति मेयर यादवको आक्रोश

***" महागढीमाई नगरपालिकाका करिब ४० करोडका विकास योजना मधेशमा मात्र रोकिँदा अलपत्र परेका छन्। मेयर उपेन्द्र प्रसाद यादवले यसलाई संघीयताको मर्मविपरीत भन्दै तत्काल सञ्चालनको माग गरेका छन्।"***



***संवाहक सम्वादाता**-१९चैत्र, कलैया*
बाराको महागढीमाई नगरपालिकामा करिब ४० करोड रुपैयाँ बराबरका सहरी विकासका योजना अलपत्र पर्दा स्थानीय विकास प्रभावित बनेको छ। संघीय सरकारले मधेश प्रदेशमा मात्रै यस्ता योजना रोक्का गरेपछि विकासको गति अवरुद्ध भएको भन्दै नगर प्रमुख उपेन्द्र प्रसाद यादवले असन्तुष्टि व्यक्त गरेका छन्।

मेयर यादवका अनुसार संघीय सरकारको निर्णयले मधेश प्रदेशका योजना रोकिए पनि उस्तै प्रकृतिका योजना अन्य प्रदेश, विशेषगरी पहाडी क्षेत्रमा भने नियमित रूपमा कार्यान्वयन भइरहेका छन्। "यो संघीयताको मर्मविपरीत हो, यस्तो व्यवहारले सरकारको बदनियत देखिन्छ," उनले भने।

सहरी विकास मन्त्रालयमार्फत महागढीमाई नगरपालिकामा "गढीमाई एकीकृत विकास योजना" अन्तर्गत करिब ४० करोड रुपैयाँ बराबरका बहुवर्षीय योजना स्वीकृत भएका थिए। ती योजना चार वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। तर, बजेट रोक्का भएपछि ती योजना कार्यान्वयन हुन सकेका छैनन्।

नगरपालिकाले सार्वजनिक गरेको विवरणअनुसार गढीमाई मन्दिर परिसर विकासका लागि करिब ३ करोड, टावर निर्माणका लागि छुट्टै बजेट, गढीमाईदेखि भोलामावि गंजभवानीपुरसम्म सडक निर्माणका लागि करिब ३ करोड, भुतही पुलदेखि वेनौलीसम्म पक्की सडक निर्माणका लागि करिब ३ करोड, साथै कृषि सडक र अन्य अत्यावश्यक पूर्वाधार निर्माणका विभिन्न योजना समावेश थिए।

यी योजनाहरू गढीमाई मन्दिर क्षेत्रलाई धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्ने, सडक सञ्जाल विस्तार गर्ने र नगरको सहरीकरणलाई स्तरोन्नति गर्ने उद्देश्यले ल्याइएका थिए। स्थानीय तहका अनुसार यी परियोजना कार्यान्वयन भएमा रोजगारी सिर्जना, व्यापार-व्यवसाय विस्तार तथा समग्र आर्थिक गतिविधिमा उल्लेख्य सुधार आउने अपेक्षा गरिएको थियो।

तर, संघीय सरकारको निर्णयपछि योजना रोकिँदा स्थानीयवासी निराश भएका छन्। नगर प्रमुख यादवले संघीय सरकारले स्थानीय सरकारलाई उपेक्षा गर्न नहुने बताउँदै यस्ता पूर्वाग्रही नीतिले विकासको गतिमा ब्रेक लागेको आरोप लगाए। "पालिकाको आफ्नै बजेटले यति ठूला योजना धान्न सक्ने अवस्था छैन," उनले स्पष्ट

बाँकी तेस्रो पृष्ठमा

## समाचारको प्रभाव : रानिवास पार्कमा गुणस्तर सुधार, पुराना गढइया ईंट हटाई नयाँ सोलिङ, अनुगमन अझै जारी







***संवाहक सम्वादाता**-१९चैत्र, कलैया*
बाराको सिम्रौनगढ नगरपालिकाको रानिवास पार्क निर्माणमा अनियमितता र गुणस्तरहीन कामको रिपोर्ट यस "संवाहक राष्ट्रिय दैनिक " पत्रिकामा प्रकाशित भएपछि सिम्रौनगढ नगरपालिकाले तत्काल सुधारात्मक कदम चाल्दै पुराना गढइया ईंट हटाई नयाँ गुणस्तरीय ईंट, बालुवा र सिमेन्ट प्रयोग गरी सोलिङ कार्य सुरु गरेको छ।

नगरपालिकाका सिभिल ईन्जिनियर अजित गुप्ताले जानकारी दिदै "मेरो अनुपस्थितिमा कामदारले त्रुटि गरेका थिए। समाचार र अन्य माध्यमबाट थाहा पाएपछि त्यसलाई तुरुन्त सुधार गरिएको हो।"

रानीवास मन्दिरको फूल बगैंचाभित्र भइरहेको सार्वजनिक पार्क निर्माणमा ठेकेदार र केही जनप्रतिनिधिहरूको व्यक्तिगत स्वार्थअनुसार गुणस्तरहीन सामग्री प्रयोग गरी सोलिङ गर्ने प्रयास भएको प्रारम्भिक अनुसन्धानले देखाएको थियो।

स्थानीय सरोकारवालाहरूले गुणस्तरीय निर्माण र सार्वजनिक सम्पत्ति संरक्षण सुनिश्चित गर्न अझै कडा अनुगमन र कानुनी कारबाहीको माग गरेका छन्। उनीहरूले चेतावनी दिएका छन् कि यस्ता अनियमितता रोक्न नगरपालिकाले सक्रिय निगरानी जारी राख्नुपर्छ।

सिम्रौनगढमा कर्मचारीतन्त्रमा व्यापक लापरवाहीको आरोप उठ्दै आएको छ। अधिकांश कर्मचारी घरमै बसेर तलब लिंदै आएका र शिक्षा-स्वास्थ्य जस्ता संवेदनशील सेवा क्षेत्रमा सुस्त सेवा प्रदान गर्दा सेवा प्रणाली कमजोर भएको स्थानीय स्रोतले बताए।

विशेषज्ञहरूले भनेका छन् कि सञ्चार माध्यमको सक्रिय रिपोर्टिङ र सार्वजनिक निगरानीले विकास निर्माणमा गुणस्तर सुधार र प्रशासनमा पारदर्शिता सुनिश्चित गर्न प्रत्यक्ष प्रभाव पार्न सक्छ। यो घटनाले प्रेस स्वतन्त्रता र नागरिक सक्रियताले पनि विकास कार्यमा सकारात्मक परिवर्तन ल्याउन सक्ने स्पष्ट उदाहरण पेश गरेको छ।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ।"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्युटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय .......

# रानिवास पार्क निर्माणमा अनियमितता: विकासमा पारदर्शिता र जिम्मेवारी अपरिहार्य

सिम्रौनगढ नगरपालिकाभित्र रानीवास मन्दिर फूलबगैंचामा निर्माण भइरहेको सार्वजनिक पार्कमा गुणस्तरहीन काम र अनियमितताको आरोपले स्थानीय समाजमा ठूलो चिन्ता पैदा गरेको छ। बासिन्दा र सरोकारवालाहरूले ठेकेदार र केही जनप्रतिनिधिहरूको व्यक्तिगत स्वार्थअनुसार काम अघि बढिरहेको, पुराना ऐतिहासिक गढइया ईटा नष्ट गर्दै सस्तो र असुरक्षित सामग्री मिसाइ सोलिड गरिएको बताएका छन्। नगरपालिकाका इन्जिनियरको हस्तक्षेपपछि निर्माण कार्य अस्थायी रूपमा रोकिएको भए पनि हाल गुणस्तरीय सामग्री प्रयोग गर्दै काम अघि बढाइरहेको जनाइएको छ। तथापि, स्थानीय सरोकारवालाहरूको दृष्टि अनुसार गुणस्तरीय निर्माण र सार्वजनिक सम्पत्ति संरक्षण अझै सुनिश्चित भएको छैन। यो घटनाले स्थानीय प्रशासन र कर्मचारी व्यवस्थापनमा देखिएको गम्भीर कमजोरीलाई पनि उजागर गरेको छ। अधिकांश कर्मचारी घरमै बसिरहेकै, तलब लिनु मात्र गर्ने र संवेदनशील क्षेत्र जस्तै शिक्षा, स्वास्थ्य र नागरिक सेवा सुस्त रुपमा प्रवाह गर्ने अवस्थामा छन्। अनुगमन र निरीक्षण नगरी काम अघि बढाउनु, गुणस्तरीय निर्माण सुनिश्चित नगर्नु नगर प्रमुखको नेतृत्वमा कमजोरीको स्पष्ट संकेत हो। स्थानीय बासिन्दा र सरोकारवालाहरूको माग स्पष्ट छ। उनीहरूले सार्वजनिक सम्पत्ति दुरुपयोग रोक्न, दोषीमाथि कडा कारबाही गर्न, निर्माण मापदण्ड र गुणस्तर सुनिश्चित गर्न सरकार र नगरपालिका दुवै निकायको सक्रिय हस्तक्षेपको आवश्यकता औंल्याएका छन्। साथै, पुराना ऐतिहासिक र सांस्कृतिक सम्पत्तिको संरक्षणमा विशेष ध्यान दिनु अपरिहार्य भएको पनि उनीहरूले जोड दिएका छन्। सम्पूर्ण घटनाले स्पष्ट देखाउँछ कि विकासको नाममा सस्तो काम र अनियमितताले दीर्घकालीन नोक्सानी पुऱ्याउन सक्छ। केवल निर्माण सम्पन्न गर्नु पर्याप्त छैन; निर्माणको गुणस्तर, पारदर्शिता र दीर्घकालीन टिकाउ सुनिश्चित गर्नु नै वास्तविक विकासको मापदण्ड हो। नगरपालिकाले तुरुन्त प्रभावकारी अनुगमन, नियमपालन र दोषीमाथि कारबाहीको पहल गर्नु जरुरी छ। नागरिक, सरोकारवालाहरू र मिडियाले निरन्तर दबाव राख्नुपर्छ ताकि यस्ता अनियमितता दोहोरिन नपाओस्। अन्ततः विकास भनेको केवल संरचना निर्माण मात्र होइन, जिम्मेवार नेतृत्व, गुणस्तरीय सेवा र ऐतिहासिक तथा सांस्कृतिक सम्पत्तिको संरक्षण पनि हो। सार्वजनिक र ऐतिहासिक सम्पत्ति प्रति जिम्मेवारी, पारदर्शिता र दीर्घकालीन दृष्टिकोण अपनाउन नसके, विकासको नाममा विनाश र असन्तुष्टि मात्र फैलिने खतरा रहन्छ। यो चेतावनी नगरपालिकाका लागि अब प्रत्यक्ष चुनौती बन्न पुगेको छ।

# चुनावपछिका प्राथमिकता

एकचोटि पराजित हुँदैमा अर्कोचोटि चुनाव जित्न सकिँदैन भन्ने हुँदैन। आगामी चुनावका लागि फेरि प्रयासरत हुन सकिन्छ र करियरलाई नयाँ दिशामा लिएर जान सकिन्छ। चुनावमा पराजयको मतलब राजनीति नै सकियो भन्ने होइन। बाराक ओबामा पनि सन् २००० मा इलोनोइसको डेमोक्र्याटिक प्राइमरी चुनावमा बबी रोससँग पराजित हुनु भएको थियो।





प्रदिप्नराज पन्त

नेपालको संविधान २०७२ जारी भएपछि प्रतिनिधि सभाको चुनावमा एउटै दलले दुई तिहाइ त के सामान्य बहुमत पनि ल्याउन सम्भव छैन भन्ने भाष्य खडा भएको थियो। यो भाष्यले पनि गत फागनु २१ गते भएको चुनावी नतिजा विशेष महत्वपूर्ण प्रतीत भयो। विशेष गरेर ती मानिसका लागि जसले अत्यन्त भरोसाका साथ केही उम्मेदवारले जित्ने विश्वास बोकेका थिए। हुन पनि कुनै खास उम्मेदवारप्रति उसको नीति र चरित्रमाथि भावनात्मक रूपमा निवेश गरेका मतदातामा निराशा, क्रोध र अतिरिक्त चिन्ता हुन स्वाभाविकै हुन्छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भारी बहुमतको साथ विजयी भएपछि पुराना दलका लाखौँ मानिसले विभिन्न सामाजिक सञ्जालमार्फत आफ्ना निराशा व्यक्त गर्न थालेको स्पष्ट देखिन्छ।

चुनावी अभियानको थकान एउटा वास्तविक समस्या हो। चुनावी अभियानको समय तनावपूर्ण हुन्छ नै। चुनावी नतिजा घोषणापछि सबभन्दा पहिला तनावमुक्त हुन जरुरी छ। तनावमुक्त नभई चुनावमा भएको पराजयबारे तुरुन्त निर्णय लिन पनि सकिन्न। शान्त हुन र आत्मचिन्तन गर्नका लागि केही समय आवश्यक हुन्छ। 'म ठिक भएँ' भनेर तुरुन्तै राजनीतिक प्रतिक्रिया दिन उचित हुँदैन। त्यस्तो खासै सूत्र नभए पनि चनावको हारको निष्कर्ष निकाल्न कम्तीमा नब्बे दिन लाग्ने एउटा अनुमान छ। यसैले भन्ने गरिन्छ- सरकारको सय दिन प्रतिपक्षको नब्बे दिन। नब्बे दिनसम्म नयाँ सरकारले पनि प्रतिपक्षको भावनामा चोट पुग्ने काम गर्नु हुँदैन र उनीहरूप्रति सहानुभूति प्रकट गर्नु पर्छ तर पराजयपछि पराजित उमेदवारले केही तत्काल गर्नुपर्ने काम भने हुन्छ।

चुनावमा पराजित उम्मेदवारले सत्चरित्र देखाउने अवसर पनि हो यो। जसले आफूलाई चुनावमा साथ दिए उनीहरूप्रति विशेष गरी समर्थक, दातालगायत सबै शुभेच्छुकप्रति विनम्रता र हार्दिक आभार व्यक्त गर्ने यो उपयुक्त बेला हो। पराजित हुँदैमा उम्मेदवारको राष्ट्रप्रतिको जिम्मेवारी सकिन्छ भन्ने होइन। हारको मतलब पराजित उमेदवार या उनीहरूको विचारमा, आस्थामा र जिम्मेवारीमा केही कमी आएको छ भन्ने पनि होइन। कुनै पनि राजनीतिक दौडमा अधिकांश उमेदवार पराजित हुन्छन्। अहिले तीन हजारभन्दा बढी उम्मेदवार मैदानमा थिए तर एक सय पैसठ्ठी मात्र सफल भए। जब हार हुन्छ तब परिणाम स्वीकार गर्नु अपरिहार्य हुन्छ। चुनावमा हार हुना साथ म सक्किएँ भन्ने सोच पाल्न हुँदैन। पराजित उम्मेदवारप्रति सबैको सहानुभूति हुन्छ। आफ्ना समर्थकको मात्र होइन, विजेता र विरोधीले पनि पराजितप्रति सहानुभूति दर्शाउँछन्। अहिले गगन थापा संसद्मा हुनु पर्थ्यो र उहाँबिना संसद्, संसद् जस्तो रहँदैन भन्ने मानिसको सङ्ख्या पनि ठुलो छ। यसकारण पराजित हुँदैमा गालीगलौजमा उत्रिनु शोभा दिँदैन। विरोधीलाई गाली मात्र गर्दा पनि समर्थकले मन पराउँदैनन्। समर्थकलाई त झन् गरिमाका साथ हार स्वीकार गरेको दोहोऱ्याइ तेहऱ्याइ सम्झाउन आवश्यक छ। यथासम्भव आफ्ना समर्थकलाई व्यक्तिगत तवरले आभार व्यक्त गर्न आवश्यक हुन्छ। यसले उनीहरूलाई ऊर्जा प्राप्त हुन्छ। पराजयको पीडा उमेदवारलाई भन्दा बढी उम्मेदवारका समर्थकलाई हुन्छ किनकि आफ्नो उम्मेदवारलाई जिताउन समर्थकमध्ये कतिले त असाधारण योगदान दिएका हुन्छन्। पराजित भएपछि पनि उम्मेदवारका समर्थकले आफ्नो योगदानको कदर भएको पनि जान्न खोज्छन्। पराजितले समर्थकप्रति आभार व्यक्त गर्नु पर्छ। आफ्नो योगदानको कदर भएको सहयोगीलाई महसुस भयो भने उनीहरूले भविष्यमा गरिने अन्य अभियानमा समय र समर्थन सहज तरिकाले दिन्छन्। भविष्यमा चुनाव जिताउनसमेत महषवपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। सहयोगीको योगदानको उचित कदर गर्न सकिएन भने उनीहरूले सहजै बिर्सन्छन्। चुनाव पराजित उमेदवारका लागि झनै कष्टकर हुन पुग्छ। आफ्ना समर्थकलाई आफूप्रति निष्ठावान् बनाई राख्न अति आवश्यक हुन्छ।

चुनावको समय प्राप्त भएको हरेक तथ्याङ्क, सूचना महत्वपूर्ण हुन्छ। गलत मानिसको हातमा तथ्याङ्क गयो भने भविष्यको चुनाव जित्ने सम्भावना लगभग समाप्त हुन्छ। आर्थिक सहयोग गर्ने तथा अन्य विशेष सहयोगी जो गोप्य रूपमा आबद्ध भएका हुन्छन्। कस्तो तथ्याङ्क राख्नुपर्ने हो, त्यसबारे विशेषज्ञको सहयोग लिनु पर्छ। अहिले पराजित भएका दलका केही उम्मेदवारमा हामी जित्थ्यौँ तर आफ्नै दलका साथीले साथ नदिँदा हाऱ्यौँ भने भाष्यसमेत विकास भएको छ। चुनावलगत्तै दोषारोपण सुरु भयो भने त्यसले दललाई गम्भीर क्षति पुऱ्याउँछ। सर्लाही-४ मा गगन थापा र झापा-५ मा केपी ओली प्रत्याशी हुनुहुन्थ्यो र त्यहाँ चुनाव जित्नका लागि परिश्रम गगन थापा र केपी ओलीले नै गर्ने हो। अन्य मानिस उहाँका दलका नै किन नहुन् उनीहरूको सहयोग र सदाशयता मात्र हुन सक्थ्यो तर विजयका लागि गर्ने प्रयास उहाँहरूकै मात्र हो। व्यक्तिगत तवरमा कहिल्यै पनि कसैले मलाई अन्तर्घात गरे या सहयोग गरेनन् र अरूको कारणले मैले हारेँ भन्नु उचित हुँदैन।

मनोविज्ञान अनुसार असहयोगको कारण हुन्छ र त्यो कारणको कारक तषव हुन्छ। त्यो कारक तत्व आफ्नै असावधानी हो। चुनावमा पराजितहरूले अरूलाई दोष दिन मिल्दैन र जिम्मेवारी आफैँले लिनु पर्छ। आफ्नो असावधानीको कारण पत्ता लगाई त्यसलाई सुधार गर्नु पर्छ। हुन त मानव मस्तिष्क अचम्मको हुन्छ। मस्तिष्कको चाल अचम्मको हुन्छ। मानव मस्तिष्कले आफूले गरेको जतिसुकै खराब काम किन नहोस्, त्यसलाई न्यायसङ्गत ठहऱ्याउन खोज्छ। आफ्नो गल्ती स्वीकार गर्नुअघि अनेक बहाना बनाएर खराब नजिरलाई आधार बनाई आफूले गरेको कामलाई न्यायोचित बनाउन खोज्छ तर त्यो यथार्थमा सही हुँदैन। आफूले आफैँलाई गलत या आफ्नो क्रियाकलाप गलत छ भन्ने मनन गर्न समय लाग्छ। यस स्थितिबारे हरेक पराजित उम्मेदवारले ध्यान दिनु पर्छ तर नेपालमा यसलाई समस्या नै मानिँदैन र पराजयको कारण कुनै अमुक मानिसलाई ठानेर उसलाई प्रहार गरिन्छ, जसले आरोपितलाई समेत गहिरो मानसिक आघात हुन जान्छ र समस्या झन् झन् बल्झिन्छ। चुनावमा कुनै पनि कुराको निष्कर्ष निकाल्नुअघि नब्बे दिनको समय चाहिन्छ भन्ने आकलन विज्ञहरूले गरेका हुन्। समयले समाधान निकाल्छ।

### अबको बाटो

एकचोटि पराजित हुँदैमा अर्कोचोटि चुनाव जित्न सकिँदैन भन्ने हुँदैन। आगामी चुनावका लागि फेरि प्रयासरत हुन सकिन्छ र करियरलाई नयाँ दिशामा लिएर जान सकिन्छ। चुनावमा पराजयको मतलब राजनीति नै सकियो भन्ने होइन। बाराक ओबामा सन् २००० मा इलोनोइसको डेमोक्र्याटिक प्राइमरी चुनावमा बबी रोससँग पराजित हुनुभएको थियो तर अन्तत उहाँको राजनीतिक करियर लामो र प्रतिभाशाली रह्यो। उहाँले आठ वर्षपछि अमेरिकी राष्ट्रपतिको चुनाव जित्नु भयो।

प्रतीक्षा लामो लाग्न सक्छ तर चुनावको चक्र एउटा निश्चित समयपछि दोहोरिन्छ। आवधिक चुनाव अपरिहार्य छ। यो समय चुनावमा प्राप्त हारबाट उठ्ने र आफ्नो गल्तीबाट सिक्ने अवसर हो। बिल क्लिन्टनले कांग्रेसको चुनाव हार्नु भएको थियो तर उहाँलाई चुनाव प्रचारमा उदासी र सङ्कोची भएको विश्लेषण मनोवैज्ञानिकले गरे र उहाँले यसलाई सुधार गर्नुभयो। यो गल्तीलाई उहाँले दोहोऱ्याउनु भएन। त्यसपछि चुनावको जुन नतिजा आयो त्यो संसारले सधैँ याद गर्ने किसिमको भयो।

असल सम्भावना बोकेका मानिसले राजनीति र सार्वजनिक जीवनबाट सन्यास लिँदा उनीहरूको परिवार र शुभचिन्तकलाई मात्र होइन, सम्पूर्ण नागरिकप्रति नै भावनात्मक रूपमा नकारात्मक प्रभाव पर्छ। लोकले ठम्याएको, सम्भावना बोकेका मानिस चुनाव हार्ना साथ राजनीतिबाट पलायन भए या उनीहरूलाई बिना मूल्याङ्कन चुनाव हारेकै भरमा बहिष्कार गरियो भने त्यसले राजनीतिमा एउटा यस्तो खालीपनको सिर्जना गर्छ, जहाँ कम क्षमता भएका र नैतिक चरित्र कम भएका मानिसले प्रवेश पाउँछन्, जुन राष्ट्रिय जीवनका लागि एक त्रासदी हुन पुग्छ।

चुनावमा पराजित भइसकेपछि चुनावको परिणाम स्वीकार गरेर विजेतालाई नयाँ नेताका रूपमा मान्यता दिनु पर्छ। उमेर कम होस् या अनुभव कम होस्, जनमतले अनुमोदन गरिसकेपछि त्यसप्रति अनेक बखेडा झिकेर उनीहरूलाई कमजोर बनाउने प्रयास गर्नु लोकतन्त्रमा सुहाउँदैन। पराजित हुँदैमा जे पनि बोल्न र लोकतान्त्रिक चुनावको मर्यादा बिर्सन हुँदैन। चुनावमा जतिसुकै सिट आएको होस्, त्यो पनि विजय नै हो। त्यो विजयलाई पनि सरकार बनाउने पक्षले पनि सम्मान गर्नु पर्छ। समग्रमा जतिसुकै सिट जितेको भए पनि नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा, श्रम संस्कृति र राप्रपाले विजय हासिल गरेको क्षेत्रमा रास्वपाले चुनाव हारेकै हो नि ! पराजितहरूले जिम्मेवार विपक्षीको भूमिका निर्वाह गर्न सक्नु पर्छ तर आफ्नो विचारको समर्थन त्यागेर होइन। आफ्नो विचारप्रति प्रतिबद्ध भई जहाँ उचित छ, त्यहाँ नयाँ सरकारको आलोचना गर्न पनि अपरिहार्य हुन्छ। आलोचना गर्न संसद्मा कति सिट छ, त्यस्तो सङ्ख्याको आवश्यकता हुँदैन तर संविधान, कानुन तथा सरकारका वैध अधिकारीको हमेसा सम्मान गर्नु पनि विपक्षीको कर्तव्य हो।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## पाकिस्तानले अफगान युद्धविरामको दबाब काबुलमा राख्यो

***इस्लामाबाद, चैत १९ गते ।***
दुवै पक्षले शत्रुता घटाउने प्रारम्भिक वार्ता सुरु गर्दा पाकिस्तानले अफगानिस्तानसँगको द्वन्द्व अन्त्य गर्ने मुख्य जिम्मेवारी काबुलमा रहेको बताएको छ। पाकिस्तानका विदेशमन्त्री इशाक दार बिहीबार चिनियाँ समकक्षी वाङ यीसँग बेइजिङमा वार्तामा सहभागी हुनुभयो । त्यहाँ उहाँले अफगानिस्तानको भूमिको उपयोग गरी पाकिस्तानविरुद्ध आक्रमण गर्ने चरमपन्थी समूहविरुद्ध ‘दृश्यात्मक र प्रमाणित कार्य’ आवश्यक रहेको औँल्याउनुभयो । पाकिस्तानको विदेश मन्त्रालयका प्रवक्ता ताहिर हुसेन अन्द्राबीले पत्रकारलाई भन्नुभयो, “हाम्रो मुख्य चिन्ता वार्तामा दोहोरिएको छ, तर वास्तविक जिम्मेवारी अफगानिस्तानमा छ ।”

वार्ता कार्य स्तरमा जारी रहेको र प्रतिनिधिमण्डल अझै नफर्किएको उहाँले बताउनुभयो । पाकिस्तानले मध्यपूर्व युद्ध अन्त्यका



लागि वासिङ्टन र तेहरानलाई वार्तामा ल्याउने प्रयासमा पनि संलग्नता देखाएको छ। चीनले यस क्षेत्रमा द्वन्द्व फैलिन नदिन र खाडी देशको सुरक्षासँग आफूलाई मिलाएर पाकिस्तानको प्रयासलाई समर्थन गरेको छ। साउदी अरब, कतार र टर्कीको अनुरोधमा पाकिस्तान र अफगानिस्तानले गत महिना रमजानको अवसरमा अस्थायी युद्धविरामको घोषणा गरेका थिए। तर सीमावर्ती क्षेत्रमा आक्रमण जारी रहेकाले शान्ति पूर्णरूपमा कायम छैन । तालिबान सरकारले चरमपन्थीलाई शरण दिएको आरोप अस्वीकार गरेको छ । गत नोभेम्बरको इस्तानबुल वार्ता र फेब्रुअरीमा साउदी अरब र कतारले मध्यस्थता गरेको प्रयास असफल भएपछि क्षेत्रीय तनाव अझै उच्च छ । पाकिस्तानले अफगानिस्तान सँगको द्वन्द्वलाई स्थायी समाधानमा ल्याउने दिशामा नयाँ कूटनीतिक पहललाई अघि बढाइरहेको छ ।

## ट्रम्पको सम्बोधनपछि इजरायलमा इरानी क्षेप्यास्त्र आक्रमण

***जेरुसेलम, चैत १९ गते ।***
इजरायली सेनाले बिहीबार बिहान इरानबाट गरिएको क्षेप्यास्त्र आक्रमणको लहरको सामना गरेको जनाएको छ । उक्त आक्रमण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध सम्बन्धी विषयमा अमेरिकी जनतालाई सम्बोधन गरेलगत्तै भएको बताइएको छ । पहिलो आक्रमणपछि प्रहरीले मध्य इजरायलका विभिन्न प्रभावित क्षेत्रमा सुरक्षाकर्मी परिचालन गरिएको जनाएको छ । सञ्चार माध्यमका अनुसार करिब नौ स्थान प्रभावित भएका छन् । तेल अभिव क्षेत्रमा चार जना सामान्य घाइते भएको चिकित्सकलाई उद्धृत गर्दै प्रतिवेदनमा उल्लेख गरिएको छ । इजरायली सञ्चारमाध्यमले आक्रमणबाट फराकिलो क्षेत्रमा क्षति पुगेको उल्लेख गर्दै यसको कारण क्लस्टर हतियारको प्रयोग हुन सक्ने बताएका छन् । यस्ता हतियार हावामै विस्फोट भई साना बम छर्छन् । इरान र इजरायलले यसअघि पनि एकअर्कामाथि क्लस्टर बम प्रयोगको आरोप लगाउँदै आएका छन् । पहिलो आक्रमणको



करिब छ घण्टापछि इजरायली सेनाले पुनः तीन चरणमा इरानबाट प्रहार गरिएका क्षेप्यास्त्र पहिचान गरेको जनाएको छ । यससँगै उत्तरी र मध्य इजरायलका अधिकांश क्षेत्रमा हवाई आक्रमणको साइरन बजाइएको थियो ।

सेनाको होम फ्रन्ट कमान्डले पछि देशभरका बासिन्दालाई सुरक्षित स्थानबाट बाहिर निस्कन अनुमति दिइएको जनाएको छ । पछिल्ला आक्रमणबाट कुनै हताहत वा ठूलो क्षतिको विवरण तत्काल प्राप्त भएको छैन । यसअघि बुधबार, यहुदी समुदायले निस्तार चाडको तयारी गरिरहेका बेला इरानी क्षेप्यास्त्र आक्रमणमा ११ वर्षीया बालिकासहित १४ जना घाइते भएका थिए । होम फ्रन्ट कमान्डका अनुसार, उत्तरी इजरायलमा बिहीबार बिहानै लेबनानबाट हुने आक्रमणको चेतावनी दिइनुका साथै हवाई आक्रमणको साइरन पनि बजाइएको थियो । गत मार्च २ देखि युद्धमा सामेल भएको इरानको सहयोगी लेबनानी लडाकू समूह हिजबुल्लाहले सीमावर्ती क्षेत्रमा इजरायली सेनालाई लक्षित गरी रकेट प्रहार र गाउँमा ड्रोन आक्रमण गरेको दाबी गरेको छ । हालसम्म उक्त घटनाबाट कुनै हताहत वा क्षतिको पुष्टि भएको छैन ।

## ४० करोडका ...

पारे।
स्थानीय सरोकारवालाहरूले पनि विकास योजना रोकिँदा क्षेत्रीय असमानता झन् बढ्ने चेतावनी दिएका छन्। उनीहरूले तत्काल रोक्का फुकुवा गरी योजना पुनः सञ्चालन गर्न संघीय सरकारसँग माग गरेका छन्।
महागढीमाई नगरपालिकाले यथाशीघ्र योजना सञ्चालनको वातावरण बनाउन संघीय सरकारसँग पहल गरिरहेको जनाएको छ। स्थानीय तह र नागरिकको अपेक्षा भने स्पष्ट छ– राजनीतिक वा क्षेत्रीय पूर्वाग्रहभन्दा माथि उठेर समान र सन्तुलित विकास सुनिश्चित गरियोस्।

## बारामा...

तालिम फागुन २४-२८ मा सम्पन्न भइसकेको छ भने चैत १-४ मा जिल्ला कार्यालय स्थापना गरिनेछ। चैत तेस्रो हप्तामा सचेतना कार्यक्रमहरू सञ्चालन हुनेछन्।
त्यसपछि चैत २०-२५ मा गणक तथा सुपरिवेक्षकको अन्तर्वार्ता र नतिजा प्रकाशन, चैत २६-बैशाख २ मा तालिम, तथा चैत ३० देखि असार ७ सम्म स्थलगत तथ्याङ्क संकलन गरिनेछ। असार ८-११ मा छलफल तथा बिदाइ, असार १२-१६ मा अनलाइन प्रविष्टि, असार १७-२१ मा फाराम रुजु तथा ढुवानी, र असार २२-२६ मा आन्तरिक लेखापरीक्षण गरिनेछ। अन्ततः असार मसान्तसम्म जिल्ला आर्थिक गणना कार्यालय बन्द गरिने जनाइएको छ।

## निजी...

सञ्चारमाध्यम आर्थिक संकटमा रहेको बेला यस्तो निर्णयले झन् धराशायी बनाउने चेतावनी दिइन्।
यस निर्णयको विरोधमा प्रेस चौतारी नेपाल,नेपाल प्रेस युनियन र प्रेस सेन्टर नेपालले विज्ञप्ति जारी गर्दै तत्काल निर्णय फिर्ता लिन सरकारसँग माग गरेका छन्।
यसअघि सार्वजनिक खरिद ऐन र विज्ञापन (नियमन) ऐन, २०७६ अनुसार निजी सञ्चारमाध्यम मार्फत पनि सरकारी सूचना प्रकाशन/प्रसारण हुँदै आएको थियो। नयाँ निर्णयले स्थापित अभ्यास तोड्दै सञ्चार क्षेत्रको सन्तुलन बिगार्ने खतरा बढेको सरोकारवालाहरूको भनाइ छ।
सञ्चार क्षेत्रका विज्ञहरूका अनुसार यदि निर्णय फिर्ता नभए निजी मिडिया आर्थिक रूपमा कमजोर भई बहुलवाद र अभिव्यक्ति स्वतन्त्रतामा दीर्घकालीन असर पर्ने जोखिम रहेको छ।

## शिक्षा...

पहलहरू अघि बढाइएका थिए।
उहाँले आफूमाथि राजनीतिक व्यक्तित्वभन्दा समाजसेवी र शिक्षाविदको दृष्टिकोण रहेकाले शिक्षा क्षेत्रमा दीर्घकालीन सुधारका लागि निरन्तर प्रयासरत रहनु आवश्यक रहेको पनि स्मरण गर ाउनुभयो।
सांसद पुनको धारणा अनुसार, शिक्षा क्षेत्रलाई प्रभावकारी बनाउन सर कारले नीति, बजेट व्यवस्थापन र निगरानी प्रणालीलाई मजबुत बनाउनुपर्ने छ। यसले विद्यार्थी, शिक्षक र अभिभावकहरूमा विश्वास जगाउने र राष्ट्रिय विकासका लागि योग्य मानव संशाधन तयार गर्ने विश्वास व्यक्त गरिएको छ।
यस वक्तव्यले संसदमा शिक्षा सुधार का कार्यक्रमहरूमा सरकारको सक्रियता र दीर्घकालीन सुधारतर्फ कदम चाल्न न्यूनतम राजनीतिक हस्तक्षेपको आवश्यकता रहेको संकेत गरेको

## पूर्वमन्त्री बलराम अधिकारीमाथि घुसकाण्ड छानबिन गर्न उच्चस्तरीय समिति गठन

***१९ चैत, काठमाडौं -***
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले पूर्वमन्त्री बलराम अधिकारी जोडिएको विवादास्पद घुसकाण्डको सुक्ष्म अनुसन्धानका लागि उच्चस्तरीय छानबिन समिति गठन गरेको छ।
मन्त्रालयका अनुसार तत्कालीन मन्त्री अधिकारीले बौद्ध तथा मेलम्ची घ्याङगुठीमा चिनियाँ लामा भूपतीबज्र लामा लाई नियुक्ति दिलाउन ५ करोड रुपैयाँ घुस लिएको गम्भीर आरोप लागेपछि सचिवस्तरीय निर्णयमार्फत सहसचिव ध्रुव घिमिरे को नेतृत्वमा तीन सदस्यीय समिति गठन गरिएको हो। समितिका सदस्यहरूमा उपसचिव रोशनशंकर घिमिरे र कानुन अधिकृत ध्रुव भण्डारी रहेका छन्। समितिले प्रकरणको कानुनी, नैतिक र प्रशासनिक पक्षको विस्तृत अध्ययन गर्नेछ। विवाद तब सतहमा



आयो जब वर्तमान भूमि व्यवस्थामन्त्री कुमार इङ्नाम ले सार्वजनिक रूपमा पूर्वमन्त्री अधिकारीलाई ठूलो रकम लिएर लामालाई पद दिलाएको दाबी गर्दै दोषीलाई कारबाही गर्ने प्रतिबद्धता जनाउनुभयो। सोही क्रममा, अनियमितता र पदीय आचरण विपरीत काम गरेको अभियोगमा गुठी संस्थानले लामा भूपतीबज्रलाई पदमुक्त गरेको छ। लामामाथि गुठी जग्गाको संरक्षण नगरेको र धार्मिक आस्थाका क्रममा भक्तजनबाट रकम असुल्ने उजुरी परेको समेत उल्लेख गरिएको छ। निर्वाचन आचारसंहिताका कारण रोकिएको छानबिन प्रक्रियाले अब गति लिएसँगै पूर्वमन्त्री र लामाबीचको आर्थिक लेनदेनको वास्तविकता सार्वजनिक हुने अपेक्षा गरिएको छ।


जनहितमा जारी सन्देश

“बाल विवाह गैरकानुनी मात्र होइन,
बालबालिकाको भविष्यमाथि प्रहार हो ।”

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं”

वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



जनहितमा जारी सन्देश

“बाल विवाह गैरकानुनी मात्र होइन,
बालबालिकाको भविष्यमाथि प्रहार हो ।”

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं”

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



जनहितमा जारी सन्देश

“बाल विवाह गैरकानुनी मात्र होइन,
बालबालिकाको भविष्यमाथि प्रहार हो ।”

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं”

करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



जनहितमा जारी सन्देश

“बाल विवाह गैरकानुनी मात्र होइन,
बालबालिकाको भविष्यमाथि प्रहार हो ।”

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं”

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# संसदबाट दलित समुदायप्रति माफी : रवि लामिछानेको भावुक अभिव्यक्ति

***१९ चैत्र, काठमाडौं ।***

रवि लामिछाने ले दलित समुदायमाथि राज्यले गरेका ऐतिहासिक विभेदप्रति प्रतिनिधि सभाबाट सार्वजनिक रूपमा माफी मागेका छन्।

बिहीबार संसद बैठकमा बोल्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति लामिछानेले विगतको विभेदलाई सामाजिक गल्ती मात्र नभई “संगठित अपराध” को संज्ञा दिए। उनले अब माफीको मूल्य न्यायमार्फत सुनिश्चित गरिनुपर्नेमा जोड दिए।

“आजसम्मको विभेद सामाजिक गल्ती थिएन, संगठित अपराध थियो। जसका हातमा सीप थियो, उसैलाई हामीले अछुत बनायौं, त्यसैले देश अघि बढ्न सकेन,” उनले भने, “अब कुनै पनि नेपाली जातका नाममा झुक्नुपर्ने छैन। म सिंगो पार्टी, प्रधानमन्त्री र सरकारको तर्फबाट पनि माफी माग्छु।”



उनले सांसद खगेन्द्र सुनार को प्रसंग उल्लेख गर्दै व्यक्तिगत स्तरमा माफी माग्ने संस्कारलाई उदाहरणका रूपमा प्रस्तुत गरे। सुनारले चुनावी अभियानका क्रममा विवादास्पद अभिव्यक्तिपछि माफी मागेको उल्लेख गर्दै लामिछानेले प्रश्न गरे, “व्यक्तिगत रूपमा माफी माग्ने हामी, दलित समुदायमाथि युगौंदेखि गरिएको अन्यायका लागि किन माफी माग्दैनौं?”

लामिछानेले सदनबाटै दलित समुदायप्रति सामूहिक रूपमा सार्वजनिक क्षमायाचनाको आवश्यकता औंल्याउँदै सरकारका तर्फबाट पनि ऐतिहासिक विभेद, अन्याय र अत्याचारप्रति माफी माग्न चाहेको बताए। उनले हात जोड्दै माफी मागेका थिए।

उनको उक्त अभिव्यक्तिलाई संसदभित्र र बाहिर दलित समुदायप्रतिको ऐतिहासिक जिम्मेवारी स्वीकार गर्ने कदमका रूपमा हेरिएको छ।

# निजी मिडियामाथि “विज्ञापन बन्द” निर्णय : संघीयता र प्रेस स्वतन्त्रतामाथि प्रश्न

***१९ चैत्र,काठमाडौं / बारा ।***

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय को निर्देशन पछि निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन निषेध गर्ने निर्णयले सञ्चार तथा विज्ञापन क्षेत्र तरंगित बनेको छ।

सरकारले संघीय मन्त्रालय, आयोग, प्रदेशका मुख्यमन्त्री कार्यालय तथा स्थानीय तहलाई सरकारी सूचना तथा विज्ञापन सरकारी स्वामित्वका माध्यम–गोरखापत्र, नेपाल टेलिभिजन र रेडियो नेपाल–मार्फत मात्रै प्रकाशन/प्रसारण गर्न निर्देशन दिएको हो।




यस निर्णयप्रति सरोकारवालाहरूले कडा आपत्ति जनाएका छन्। उनीहरूले यसलाई संघीयताको मर्मविपरीत, निजी सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर पार्ने र प्रेस स्वतन्त्रतामाथि दबाब सिर्जना गर्ने कदमका रूपमा व्याख्या गरेका छन्।

संविधानले संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सम्बन्धको व्यवस्था गरे पनि सचिवस्तरीय निर्णय मार्फत स्थानीय तहको क्षेत्राधिकारमा हस्तक्षेप गर्न खोजिएको भन्दै स्थानीय तहका जनप्रतिनिधिहरूले असन्तुष्टि जनाएका छन्।

नेपाल नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगानाले यस्तो निर्णयले प्रदेश र स्थानीय तहको अधिकारमाथि हस्तक्षेप गरेको बताए। यस्तै, नेपाल पत्रकार महासंघ की अध्यक्ष निर्मला शर्माले निजी

बाँकी तेस्रो पृष्ठमा

## नेपाल पत्रकार महासंघ

Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२।१२।१९

### प्रेस विज्ञप्ति

सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सबै संघीय मन्त्रालय, आयोग र सचिवालय, प्रदेश र स्थानीय तहहरूलाईसमेत जारी गरिएको परिपत्रप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

कोरोना कहर र जेन्जी आन्दोलनको कारण आर्थिक संकट व्यहोरिरहेका निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक लगाउने सचिव स्तरीय निर्णयप्रति महासंघ गम्भीर असहमति र आपत्ति प्रकट गर्दछ ।

यो निर्णयबाट निजी सञ्चारमाध्यम बन्द भई श्रमजीवी पत्रकारहरूको रोजीरोटी खोसिने स्थिति एकातिर सर्जना भएको छ भने अर्कोतिर प्रेस सेन्सरशीपको अवस्था सिर्जना भई आवाजविहीनको आवाज बनिरहेको स्वतन्त्र पत्रकारितामा प्रत्यक्ष असर पर्ने महासंघको ठहर छ ।

संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, उदारवादी अर्थ नीति र संघीयताको मर्मविपरितको निर्णय तत्काल फिर्ता लिन महासंघ सरकारसँग जोडदार माग गर्दछ । अन्यथा महासंघ स्वतन्त्र प्रेस नियन्त्रण गरी सूचना एकाधिकार लाद्ने सरकारी निर्णय अस्वीकार गर्दै समग्र सञ्चारजगतको नेतृत्वसाथ प्रतिवादमा उत्रन बाध्य हुनेतर्फ सचेत गराउँदछ ।

रामप्रसाद दाहाल
महासचिव

# एमसीसी सम्झौता खारेज गर्न हर्क साम्पाङको जोडदार माग

***काठमाडौं , चैत १९ -***

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज साम्पाङ राई ले प्रतिनिधिसभाको बैठकमा अमेरिकी सहयोग परियोजना (एमसीसी) सम्झौता खारेज गर्न सरकारसँग तत्काल माग गर्नुभएको छ।

अध्यक्ष साम्पाङले आफ्नो वक्तव्यमा एमसीसी सम्झौता देशको स्वाधीनता, भूराजनीतिक सन्तुलन र असंलग्न परराष्ट्र नीति विपरीत रहेको उल्लेख गर्दै यसलाई राष्ट्रघाती परियोजना करारको रूपमा व्याख्या गर्नुभयो। उहाँले दाबी गर्नुभयो कि यो सम्झौता सैन्य रणनीतिक उद्देश्यसहित अघि बढाइएको छ, जसले नेपालको स्वतन्त्र निर्णय क्षमता र सुरक्षा नीति सीमित बनाउने सम्भावना राख्दछ। साथै अध्यक्ष साम्पाङले सीमावर्ती क्षेत्रमा छिमेकी देशहरूको गतिविधि बढ्दै गएको तर्क गर्दै, सरकारले राष्ट्रिय सुरक्षाका लागि संयुक्त राष्ट्रसङ्घमार्फत सीमा यकिन गर्नु, नेपाली सेनाको प्रभावकारी परिचालन सुनिश्चित गर्नु र सीमा सुरक्षा सुदृढ गर्न आवश्यक कदम चाल्नुपर्ने बताए। उनले एमसीसी सम्झौता जस्ता असमान र राष्ट्रघाती व्यापारिक सन्धि राष्ट्रिय हित र जनता सुरक्षा विपरीत हुने भएकाले कुनै हालतमा स्वीकार्य नहुने स्पष्ट पारे। अध्यक्ष साम्पाङले यस विषयमा सरकारलाई सचेत गराउँदै संघीय संसद र सर्वसाधारणका तर्फबाट तत्काल खारेज गर्नुपर्नेमा जोड दिनुभयो।



साथै, उहाँले नेपालको भूराजनीतिक स्थिति र विकास स्वाधीनतासँग सम्बन्धित महत्त्वपूर्ण निर्णयहरूमा विदेशी प्रभाव कम गर्ने र राष्ट्रिय हित सुनिश्चित गर्ने नीति अपनाउन सरकारलाई आग्रह गर्नुभयो।

यो प्रस्तावले संसदमा एमसीसी सम्झौताबारे गहन बहस र राष्ट्रिय हितमा नीति तय गर्न आवश्यकताको संकेत गरेको छ।

# शिक्षा क्षेत्रलाई प्रभावकारी बनाउनेतर्फ सरकारको ध्यानाकर्षण : महावीर पुन

***काठमाडौं , चैत १९ -***

प्रतिनिधिसभाका स्वतन्त्र सांसद महावीर पुन ले नेपालको शिक्षा क्षेत्रलाई प्रभावकारी र गुणस्तरीय बनाउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

बिहीबारको प्रतिनिधिसभा बैठकमा धारणा राख्दै सांसद पुनले आफू शिक्षा मन्त्री रहँदा अघि सारेका योजनाहरू अझै प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। उनले बताए कि चार महिनासम्म मन्त्रीको रूपमा काम गर्दा शिक्षा क्षेत्रमा अनेकौं समस्याहरू देखिएका थिए, जसमा चरम राजनीतिकरण, भ्रष्टाचार र व्यवस्थागत विकृति प्रमुख थिए।



सांसद पुनले स्पष्ट गर्नुभयो कि आफ्नो कार्यकालमा उनले यी विकृतिहरू हटाउने र विद्यालय, कलेज तथा विश्वविद्यालयहरूमा विशुद्ध शैक्षिक वातावरण सिर्जना गर्ने प्रयासमा विशेष ध्यान दिएका थिए। यस क्रममा शिक्षकहरूको क्षमता विकास, पाठ्यक्रम सुधार, विद्यार्थी सेवाको गुणस्तर वृद्धि र प्रशासनिक दक्षता सुनिश्चित गर्ने

बाँकी तेस्रो पृष्ठमा

# फेरि पेट्रोल–डिजेल महँगियो

***काठमाडौं । १९ चैत्र,***

नेपालमा पेट्रोलियम पदार्थको मूल्य पुनः वृद्धि गरिएको छ। नेपाल आयल निगम ले आज राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल र डिजेल/मट्टितेलमा प्रतिलिटर १५–१५ रुपैयाँ बढाएको जनाएको छ।

नयाँ समायोजनपछि पेट्रोलको अधिकतम मूल्य करिब २०२ रुपैयाँ प्रतिलिटर पुगेको छ भने डिजेल तथा मट्टितेलको मूल्य १८२ रुपैयाँ प्रतिलिटर कायम भएको छ। पछिल्लो मूल्यवृद्धिले यातायातदेखि दैनिक उपभोग्य वस्तुसम्मको मूल्यमा थप दबाब पर्ने अनुमान गरिएको छ।




निगमका अनुसार अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य निरन्तर उकालो लाग्नु तथा क्ष्लमष्बल इर्षृ ॠयचउयचबतष्यल बाट प्राप्त नयाँ खरिद मूल्य बढेर आउनु मूल्य समायोजनको मुख्य कारण हो। विशेषगरी मध्यपूर्व क्षेत्रमा जारी द्वन्द्वका कारण आपूर्ति शृङ्खला प्रभावित हुँदा अन्तर्राष्ट्रिय बजार अस्थिर बनेको निगमले जनाएको छ।

मूल्य वृद्धि गरे पनि निगम अझै घाटामा रहेको छ। निगमका अनुसार पेट्रोल, डिजेल तथा एलपी ग्यासमा कुल १३ अर्ब २१ करोड रुपैयाँभन्दा बढी घाटा कायमै रहेको छ। घाटा व्यवस्थापन र आपूर्ति नियमित राख्न मूल्य समायोजन अपरिहार्य भएको निगमको दाबी छ। यसैबीच, निगमले उपभोक्तालाई इन्धनको मितव्ययी प्रयोग गर्न आग्रह गरेको छ। साथै, वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिलाई ध्यानमा राख्दै उपभोक्ताले संयमता अपनाउनुपर्ने बताउँदै असहज अवस्थामा सहयोग गर्न आह्वान गरेको छ।

पछिल्लो समय लगातार भइरहेको मूल्यवृद्धिले आम उपभोक्ताको दैनिक खर्च बढ्दै गएको छ भने बजारमा महँगी थप चुलिने संकेत देखिएको छ।

जनहितमा जारी सन्देश

“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”

“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं”

फेटा गाउँपालिका

द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”

“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं”

सुवर्ण गाउँपालिका

द्वारा जनहितमा जारी सन्देश ।